**राजस्व न्यायाधिकरण काठमाडौं**
**इजलास**
**माननीय अध्यक्ष श्री किशोर सिलवाल**
**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**
**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**
**फैसला**

२०७५।०७६ सालको निर्णय नं. २४
पुनरावेदन नं. ०७४-RB-००५१

ल.पु.जि.ल.पु.उपमहानगरपालिका वडा नं. २, चौधरी हाउस, सानेपामा कार्यालय रहेको सि.जि. इम्पेक्स प्रा.लि. (स्थायी लेखा नं. ३०१६०९०३६) को तर्फबाट अख्तियार प्राप्त ऐ. का सहायक महाप्रबन्धक श्री टिका राज कार्की....................१ } पुनरावेदक

**विरुद्ध**

श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाण्डौ....................................१
ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर ........................................ १ } प्रत्यर्थी

**मुद्दाः-आयकर (आ. व.२०६९/०७०)**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्धान अधिवक्ता श्री सज्जनवरसिंह थापा
विद्धान अधिवक्ता श्री मेघराज पोखरेल
प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः विद्बान शाखा अधिकृत श्री अञ्चन भट्टराई

## शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत शंकरप्रसाद खरेल

शुरु कार्यालयको निर्णय मितिः–२०७१।०४।०७

## प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी

पुनरावलोकनको निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व विभाग

पुनरावलोकनको निर्णय गर्ने अधिकारी : महानिर्देशक श्री चुडामणी शर्मा

पुनरावलोकनको निर्णय मिति : २०७३।०३।०९

विपक्षी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७१।०४।०७ मा पुनरावेदकको नाममा जारी गरिएको आयकर तर्फको संशोधित कर निर्धारण आदेश उपर प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंमा मिति २०७१।०५।०२ मा निवेदन दिएकोमा विभागबाट शुरु कार्यालयको निर्णयलाई नै सदर गरी निर्णय भएकोले सो उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेकोछः-

## तथ्य खण्ड

१. करदाता सि.जि. इम्पेक्स प्रा.लि.ले आ.व. २०६९/०७० को आय विवरणको सम्बन्धमा आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार रू. १५,१०,४७,१९२।- करयोग्य आय कायम गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७०/०९/२८ मा विवरण पेश गरेको रहेछ ।

२. करदाताले पेश गरेको विवरणको अध्ययन छानविन तथा परीक्षण गर्दा आयकर ऐन २०५८ बमोजिम कट्टी गर्न नपाउने खर्च दावी भएको र व्यवसायको मुनाफा र लाभ तर्फ गणना गर्नुपर्ने रकम समावेश भएको नदेखिएकोले दफा १०१ बमोजिम संशोधित

कर योग्य आय कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबूत प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन २०५८ को दफा ९०(८) र १०१ (६) बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७१/०३/३० मा सूचना जारी भएकोमा करदाताले उक्त सूचना मिति २०७१/०३/३१ मा बुझी लिई सोको जवाफ मिति २०७१/४/०५ मा पेश गरेको पाइयो ।

३. प्रस्तुत करदाता उद्योगको आ.व. २०६९/०७० का लागि रु. १५,२१,१६,८८६।- करयोग्य आय कायम गरी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७१/०४/०७ मा खडा भएको निर्णय पर्चा ।

४. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७१/०४/०७ मा जारी गरेको आ.व. २०६९/०७० को आयकर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी सि.जि. इम्पेक्स प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७१/०५/०२ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. आयकर ऐन, २०५८ को दफा १३(ग) मा खर्च कट्टी पाउनका लागि उक्त खर्च व्यवसाय वा लगानीको आय आर्जन हुने कार्यमा प्रयोग भएको हुनु पर्ने व्यवस्था गरेकोमा निवेदकले दावी गरेको उक्त खर्च व्यवसायको आय आर्जन हुने कार्यमा प्रयोग भएको प्रमाणित नभएकोले कार्यालयको निर्णय मिलेको देखिंदा निवेदकको जिकिर नपुग्ने ठहर्छ भन्ने व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७३/०३/०९ मा भएको निर्णय ।

६. कानूनी एवं तथ्यगत आधार प्रमाण बिना नै पुनरावेदकलाई गैर कानूनी रूपमा नलगाइनु पर्ने कर लगाइएको कारणबाट गम्भिर अन्याय परेको हुँदा उल्लेखित विपक्षी आन्तरिक राजस्व विभागको निर्णय बदर गरी थप कर दायित्वबाट उन्मुक्ति पाउँ भन्ने समेत व्यहोराको जिकीर लिई करदाताको तर्फबाट मिति २०७४/०५/१५ मा दर्ता भएको पुनरावेदन पत्र ।

७. यसमा मुलुकी ऐन, अ.वं. २०२ नं. बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/०३/२२ मा भएको आदेश ।

## ठहर खण्ड

८. आज सुनुवाईका लागि पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक सि.जि. इम्पेक्स प्रा.लि. का तर्फबाट उपस्थित विद्धान अधिवक्ताद्वय श्री सज्जनवरसिंह थापा र श्री मेघराज पोखरेल तथा प्रत्यर्थी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरका तर्फबाट विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्धान सरकारी वकिल श्री अन्चन भट्टराईको बहस सुनियो ।

| पुनरावेदक कम्पनीका तर्फबाट उपस्थित विद्धान अधिवक्ताबाट प्रस्तुत बहस जिकिरहरु | प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विद्धान वकिलबाट प्रस्तुत बहस जिकिरहरु |
|---|---|
| –९० दिनसम्म असुल उपर हुन नसकेकेको बक्यौता रकम विशेष कार्यदल बनाई करारमा लिएका कर्मचारीहरुबाट रकम असुल गर्ने कार्य सम्पादन गरी निश्चित रकम कमिशन दिई अग्रिम कर समेत कट्ट गरी भुक्तानी गरेको रकम व्यवसायको हितमा भएको खर्च आयकर ऐन २०५८ को दफा १३ बमोजिम कट्टि पाउनुपर्ने ।<br><br>- कर्मचारीलाई काममा उत्प्रेरित गर्न कार्य समयमा दिवा खाना दिएको खर्च क्यान्टिन लाई मेस (Mess) खर्च वापत भुक्तानी गरेको र विभिन्न चाडपर्व, पूजा विशेष संस्कारका कार्य सम्पादन गर्दा भएका फूलप्रसाद, मैनवती आदि जस्ता खर्चहरु सामान्य प्रकृतिका विल, भरपाई राखी भुक्तानी गरेको हुँदा प्रत्यक्ष अप्रत्यक्ष रुपमा व्यवसायकै लागि भएको खर्च हुन् ।<br><br>- Wall Painting, Shutter Painting र दशै तिहार जस्ता पर्वमा भएको व्यवसाय प्रवर्द्धन गर्न विज्ञापन गरेको खर्च भएकाले व्यवसायिक खर्च हुन् ।<br><br>उल्लेखित सबै खर्चहरु प्रत्यक्ष अप्रत्यक्ष | –आफै कर्मचारीले उठाएको भए अन्य थप व्ययभार पर्ने हुँदैन । साथै अग्रिम कर कट्टा गरेको आधारमा सबै खर्च यथार्थ हुने कानूनी व्यवस्था छैन ।<br><br>- वितरित रकमको यथार्थ र पुष्ट्याई पुग्ने प्रमाण, कागजात संलग्न भएको नदेखि खर्च दावी अमान्य गरेको हो ।<br><br>-खर्चहरुलाई पुष्टि गर्ने विल विजक भरपाई लगायतका प्रमाण नभएका खर्च मात्र अमान्य गरी कर निर्धारण गरेको हो ।<br><br>-विज्ञापन वापत भएको खर्च ठूलो परिमाणको भएकोमा खर्च पुष्टि गर्ने विल भरपाई प्रत्येक भौचरमा संलग्न गर्नुपर्नेमा सो नभएकाले खर्च कट्टि दावी अन्याय गरेको देखिन्छ ।<br><br>अतः उल्लेखित शिर्षक/उपशिर्षकहरुमा भएको खर्च पुष्टि गर्ने आवश्यक प्रमाण कागजात (विल, भरपाईहरु) संलग्न भए, गरेको नदेखिंदा खर्च भएको यथार्थता पुष्टि हुन नसकी प्रत्यर्थीबाट खर्च कट्टि दावी अमान्य गरेको कानून सम्मत भएकाले शुरु निर्णय सदर हुनुपर्छ । |

| | |
|---|---|
| रुपमा व्यवसाय सँग सम्बन्धित भएकाले आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खर्च कट्टि दावी मान्य हुनुपर्ने । | |

९. पुनरावेदक कम्पनीका तर्फबाट लिईका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्धान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागजात प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा यसमा मुख्यतः देहायका प्रश्नहरुमा निर्णय हुनुपर्ने देखिन आयोः - -

(क) व्यवस्थापन खर्च अन्तर्गतको रिकभरी खर्च (Recovery Expenses) वास्तविक खर्च हो, वा होइन ?

(ख) व्यवस्थापन खर्च अन्तर्गत मेस तथा विभिन्न खर्च वास्तविक खर्च हो, वा होइन ?

(ग) विज्ञापन खर्च वापत भएको खर्च यथार्थ हो, वा होइन ?

१०. निरुपण हुनुपर्ने उपर्युक्त प्रश्नहरुको सन्दर्भमा मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा प्रचलितल कानूनको मर्म र मान्यतालाई विश्लेषण गरी पुनरावेदनका बुँदागत जिकिरहरु अनुसार निम्न बमोजिम हुने देखिन आयोः

**(क) Recovery Expenses सम्बन्धमा**

व्यवसायले आफ्नो कारोबार संचालन गर्दा बक्यौता रहन गएको आसामी रकम आदिको असुलीका लागि थप प्रयत्न गर्न कार्यदल(Task Force) गठन गरेर त्यसमा संलग्न व्यक्तिहरुलाई असुल भएको रकमको निश्चित प्रतिशत रकम भुक्तानी गरेको, भुक्तानी भएको रकममा अग्रिमकर कट्टि गरी दाखिला गरेको जिकिर पुनरावेदक तर्फबाट पेश भएकोमा असुल उपर भएको रकमको विवरण, भुक्तानी पाउने व्यक्तिको नामनामेसी र प्रत्येकले असुल गरेको रकमको विवरण, अग्रिमकर कट्टि गरिएको विवरण संलग्न राख्न नसकेको, आयकर ऐन २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारणको लागि सूचना दिई जवाफ माग गर्दा समेत एक पृष्टमा रकम असूलीमा उल्लेख्य सुधार भएको र अग्रिम कर कट्टा गरिएको भन्ने मात्र जवाफ पेश गरेको देखिन्छ । विस्तृत लेखापरीक्षणले माग गरेको कागजातहरु पेश हुन नसकेको अवस्थामा आयकर ऐन, २०५८ को दफा ८१(१)(ग) बमोजिम खर्च कट्टिलाई पुष्ट्याई गर्ने कागजात पेश हुन नसकी ऐनको दफा १३ बमोजिम खर्च दावी कायम

हुन नसकेको एवं व्यवस्थापन खर्च अन्तर्गत ठूलो परिमाणमा रकम खर्च भएकोमा खर्च पुष्टि गर्ने प्रमाणको अभाव भएजति रकम मात्र अमान्य गरेको देखिदा प्रत्यर्थीले उक्त रकम आयमा समावेश गरेको तथ्य कानून सम्मत नै देखिन आयो ।

**(ख) मेस तथा विविध खर्च सम्बन्धमा**

कर्मचारी एवं कामदारलाई काम प्रति उत्प्रेरित तुल्याउन कार्यसमयमा खाना खर्च दिई क्यान्टिनलाई एकमुष्ट रकम भुक्तानी गरेको एवं विभिन्न चाडपर्वमा पूजाको क्रममा फूलप्रसाद र मैनवती खरीद गरी भुक्तानी गरेको रकम व्यवसाय सँग सम्बन्धित रहेको जिकिर लिएकोमा आयकर ऐन २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारणको लागि सूचना दिई जवाफ माग गर्दा कुनै प्रमाण बेगर व्यवसायिक खर्च हो भन्ने मात्र जिकिर लिएको, व्यवस्थापन खर्च अन्तर्गत मेस खर्च तथा विविध खर्चमा रु. ८,५९,७१९।- (विवरण अनुसार ठूलो परिमाणमाको) रकम खर्च भएकोमा खर्च पुष्टि गर्ने प्रमाण संलग्न राख्न नसकेको रकम रु. १,०८,२०४- मात्र खर्च कट्टि दावी अमान्य गरेका तथा आयकर ऐन २०५८ को दफा ८१(१)(ग) बमोजिम खर्च कट्टिलाई पुष्ट्याई गर्ने कागजात पेश हुन नसकी ऐनको दफा १३ बमोजिम खर्च कट्टि दावी मान्य हुन नसकेको रकमको कर निर्धारण गरेको प्रत्यर्थीको निर्णय कानून सम्मत नै देखिन आयो ।

**(ग) विज्ञापन खर्च सम्बन्धमा**

Wall Painting, Shutter Painting एवं दशै तिहार जस्ता पर्वहरुमा व्यवसाय प्रवर्द्धनका लागि गरेको विज्ञापन खर्च नितान्त व्यवसायिक खर्च भएकाले खर्च कट्टि दावी पाउनुपर्ने जिकिर लिएकोमा आयकर ऐन २०५८ को दफा १०१ अनुसार संशोधित कर निर्धारणका लागि सूचना दिई जवाफ माग गर्दा व्यवसायिक खर्च भएकाले कट्टि दावी पाउनुपर्ने भन्ने जिकिर मात्र लिएको कुनै तथ्य प्रमाण पेश गर्न नसकेको व्यवसायको खर्च विवरणमा मू.अ.कर तिरेको विज्ञापन खर्च वापत रु. १५६७४२८०।२४ र व्यापार प्रवर्द्धन खर्च रु. २२५१२५७८ समेत रकम खर्च भएकोमा खर्च पुष्टि गर्ने प्रमाण संलग्न राख्न नसकेको रकम रु. ७,०७,२३४।- मात्र खर्च कट्टि दावी अमान्य गरेको देखिंदा आयकर ऐन २०५८ को दफा ८१(१)(ग) बमोजिम खर्च कट्टिलाई पुष्ट्याई गर्ने कागजात पेश हुन नसकी ऐनको दफा १३ बमोजिम खर्च कट्टि दावी मान्य हुन नसकेकोले भएको संशोधित कर निर्धारण आदेश कानून सम्मत नै देखिन आयो ।

११. अतः विवेचित आधार कारण समेतबाट हेर्दा स्थायी लेखा नं. ३०१६०९०३६ भएका पुनरावेदक करदाता सि.जि. इम्पेक्स प्रा.लि.को आ.व. २०६९/०७० को आयकर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालयले मिति २०७१।४।७ मा गरेको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७३।३।९ मा भएको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

१२. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई फैसलाको जनाउ दिई, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू ।

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री सीता अधिकारी

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

इतिसम्बत २०७५ साल असोज १८ गतेरोज ५ शुभम......